# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६४) काठमाडौं, चैत्र १८ गते, २०७१ साल(संख्या ४५

## भाग ५

नेपाल सरकार

### विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालयको सूचना

नेपाल सरकारले वातावरण संरक्षण ऐन, २०५३ को दफा ७ को उपदफा (३) ले दिएको अधिकार प्रयोग गरी काठमाण्डौ उपत्यकालाई स्वच्छ, सफा र प्रदूषणमुक्त बनाउने उद्देश्यले सम्बत् २०७२ साल बैशाख १ गतेदेखि लागू हुनेगरी देहायका क्षेत्रहरुमा २० X ३५ इन्च साइज र ४० माइक्रोन मोटाइ सम्मका प्लाष्टिक झोलाहरुको आयात, भण्डारण, बिक्री वितरण तथा प्रयोग गर्न प्रतिबन्ध लगाएको छ ।

**पूर्व:** गोदावरी भञ्ज्याङ्ग, त्रिवेणी डाँ डा र पाटी भञ्ज्याङ्गको सिरानै सिरान हुँदै अमालडोलको पूर्वपट्टिको पानीढलो भई रोहिणी भञ्ज्याङ्ग र किर्तिके भञ्ज्याङ्गको सिरानै सिरान हुँदै मंचुरी लेख र चिपुडाँडाको सिरानसम्म ।



**पश्चिम:** सिमपानी, काजि गाउँ, भट्टारचौर, दक्षिणकाली, तालुक गुरदम खोला हुँदै चखेलको उत्तरपट्टीको पानीढलो, चन्द्रागिरि सिमभञ्ज्याङ्ग मसिनी गाउँको पूर्वपट्टिको पानी ढलो, दहचोक डाँडा, मजुवा गाउँ, भीमढुँगा थुम्कीको पूर्वपट्टिको पानीढलो भई भुडखु र पाँचमाने भञ्ज्याङ्गसम्म ।

**उत्तर:** पाँचमाने भञ्ज्याङ्ग र शिवपूरी लेकको सिरानै सिरान हुँदै बोलांग र चिपुडाँडासम्म ।

**दक्षिण:** गोदावरी भञ्ज्याङ्गको सिरानै सिरान हुँदै ढुँगाखानी खोलाको पानीढलो, भगवान डाँडा र लेले भञ्ज्याङ्गको सिरानै सिरान हुँदै देउराली थुम्की, बाबिया गाउँ, मानेको दक्षिणपट्टिको पानीढलो भई बागमती नदि हुँदै सिमपानीसम्म ।

आज्ञाले,
**डा. कृष्ण चन्द्र पौडेल**
नेपाल सरकारको सचिव



मुद्रण विभाग, सिंहदरवार, काठमाण्डौमा मुद्रित । मूल्य रु ५।-
गो.हु.द.नं. १६।०६२।०६३